# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, कात्तिक ११ गते २०४६ साल (अतिरिक्ताङ्क ३७ (क)


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उपनियम (१) बमोजिम राष्ट्रऋण उठाउन यो सूचना प्रकाशित गरेको छ ।

यो ऋणपत्रको नाम, जम्मा मूल्य, भुक्तानी अवधि, ब्याज दर, ब्याज भुक्तानी दिने समय र अन्य शर्तहरू निम्न बमोजिम खुलाइएको छ ।

१. ऋणपत्रको नामः यस ऋणपत्रको नाम "विकासऋण २०५६" रहेको छ ।

२. निष्काशित ऋणको रकमः यो ऋण जम्मा रू. ४० करोड (रू. चालीस करोड मात्र) को हुनेछ ।

३. ऋणको व्ययभारः यो ऋणपत्रको व्ययभार श्री ५ को सरकारको संचित कोष प्रति हुनेछ ।

४. ऋणपत्रको बिक्री अवधिः यो ऋणपत्र २०४६ साल कार्तिक ११ गते निष्काशन गरी सोही दिन बिक्री गरिनेछ ।

५. ऋणपत्रको बिक्री मूल्यः यो ऋणपत्र पूरापूर मूल्य (Face Value) मा निष्काशन गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६११

६. ऋणपत्रको प्रकारः यो ऋणपत्र कम्तीमा रू. २५।– र बढीमा रू. २५।– ले भाग गर्दा निशेष हुने जतिसुकै माथिको रकमको निष्काशित रकममा नबढाई निष्काशन गर्न सकिनेछ ।

७. ऋणको व्याजः ऋणको व्याज नेपाल राष्ट्र बैंक मार्फत ऋणपत्र जारी गरिएका मिति २०४६।७।११ देखि वार्षिक ८ प्रतिशतका दरले प्रत्येक ६।६ महीनामा व्याज दिइनेछ ।

८. ऋणको साँवा भुक्तानीः यो ऋणपत्रको साँवा भुक्तानी २०५६ साल कार्तिक ११ गतेदेखि दिइनेछ ।

९. ऋणको भुक्तानी दिने ठाउँः यो ऋणको साँवा नेपाल राष्ट्र बैंक मार्फत भुक्तानी हुनेछ ।

१०. ऋणसम्बन्धी व्यवस्थाः यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाही नेपाल राष्ट्र बैंक, राष्ट्रऋण विभागको हुनेछ ।

११. ऋणपत्र खरिद गर्ने अधिकारः यो ऋणपत्र खरिद गर्ने अधिकार रू. २० करोडका दरले नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंकलाई मात्र हुनेछ ।

१२. कर नलाग्नेः यो ऋणबाट प्राप्त व्याजमा आयकर छूट दिइएको छ ।

१३. ऋणसम्बन्धी कानूनी कारवाहीः यो ऋणसम्बन्धी कानूनी कारवाही प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६९२